का.जि.प्र.का.द.नं. १००/०५९/६०

वर्ष १८, अंक १३१
२३ असार २०७७, मंगलबार
7 July 2020, Tuesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: मंगलबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १५९६४ जना | ६८११ जना | २५५७२८ | ९११८ | ३५ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड १६ लाख २४ हजार | ६५ लाख ७९ हजार | ५ लाख ३८ हजार | ४५ लाख ७ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# बल्ल शुरु भयो छलफल

■दुई अध्यक्षको वाकयुद्ध बिराम ■चिनियाँ कार्डको आशंका, राजदूत यान्छी र नेता नेपालबीच भेटवार्ता ■स्थायी कमिटी बैठक बुधबारसम्म स्थगित

फुटको संघारमा पुगेको सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजन रोक्न देखिनेगरी चिनियाँ राजदूत सक्रिय भएकी छन् । आइतबार पूर्व प्रधानमन्त्री एवम् बरिष्ठ नेता माधवकुमार नेपालसँगको भेटलाई अर्थपूर्ण मानिएको छ ।





**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ असार ।

फुटको संघारमा पुगेको सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजनबाट रोकिनेबारे चर्चा शुरु भएको छ । विशेषगरी असार १६ गतेदेखि दुई अध्यक्ष केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड बीच भनाभनकै अवस्था बनिरहेका बेला सोमबार भने छलफल शुरु भएको जनाएको छ । सोमबार बिहान १० बजे बालुवाटार पुगेका अध्यक्ष प्रचण्डले छलफल सकारात्मक भएको प्रतिक्रिया दिएपछि फुटको संभावना रोकिने संकेत देखिएको हो ।

भेटवार्ता पछाडि प्रचण्डले पनि बैठक छलफल शुरु भएको प्रतिक्रिया दिएका थिए । एक उच्च स्रोतका अनुसार, बैठकमा ओली र प्रचण्ड बीच विवाद हल गर्नेगरी छलफल शुरु भएको छ । "यस अगाडिको बैठक निकै तिक्ततापूर्ण भनाभनमा सकिने गरेको थियो । तर, सोमबार भने छलफल नै भयो", ती स्रोत भन्छन् । अर्थात्, नेकपाभित्र वाकयुद्ध समेत रोकिएको छ ।

डेढ घण्टा लामो सम्वादका क्रममा प्रधानमन्त्री ओली र प्रचण्ड बीच कसरी अगाडि बढ्ने भन्नेसम्म छलफल भएको थियो । आइतबार विवाद हल गर्न कार्यदल गठन गरिएको भन्ने चर्चाबारे प्रचण्डले गम्भीर आपत्ति प्रकट समेत गरेका थिए । "हुँदै नभएको विषय कार्यदल बन्यो भनेर चर्चा किन गरियो ? कम्तिमा यस्तो काम नहोस्", प्रचण्डले ओलीसँग भनेका थिए । तर, यी विषय पुरानो भइसकेको भन्दै अब नयाँ शिराबाट अगाडि बढ्न दुई अध्यक्ष सहमत भएका छन् ।

त्यसका लागि कार्यदल बनाएर होइन, शीर्ष नेताहरुबीच नै छलफल आवश्यक रहेको निष्कर्षमा दुई अध्यक्ष पुगेको स्रोतले जनाएको छ ।

चिनियाँ भूमिका प्रवेश

नेकपा विभाजनको तीव्र यात्रामा चिनियाँ भूमिका देखिनेगरी सतहमा आएको छ । विशेषगरी चिनियाँ राजदूत होउ यान्छीले पूर्व प्रधानमन्त्री एवम् बरिष्ठ नेता माधवकुमार नेपाललाई निवासमै पुगेर भेटेपछि चिनियाँ भूमिकाबारे चर्चा शुरु भएको छ ।

माधव नेपालसँगको भेटलाई निकै महत्वका साथ हेरिनुको अर्थ नेकपाभित्र उनको भूमिका पनि हो । अहिले देखिएको विवादको केन्द्रमा माधव नेपाल छन् । किनभने, नेकपा विभाजनकै तहमा पुग्छ कि भन्ने आशंका गरिनुमा नेता नपालको भूमिका अर्थपूर्ण छ ।

अर्कातर्फ गएको वैशाखमा प्रधानमन्त्री केपी शर्मा ओलीले दल विभाजन सम्बन्धी अध्यादेश ल्याउँदा पनि चिनियाँ राजदूत यान्छीको भूमिका सक्रिय बनेको थियो । यान्छीले राष्ट्रपति विद्यादेवी भण्डारी देखि नेकपाका शीर्ष नेताहरुलाई भेटेका थिए । चिनियाँ भूमिका नेपालमा दलहरु एक ठाउँ हुनुपर्छ भन्ने रहेको चर्चा हुँदै आएको छ ।

यसपटकको चिनियाँ राजदूतको भूमिकालाई लिएर नेपालमा अन्य नेताहरुले पनि आशंका र आपत्ति जनाएका छन् । नेपाली काँग्रेस, राप्रपा लगायत दलहरुले आपत्ति प्रकट गरेका छन् । यो नेपालको विषय भएकाले पछाडि हट्न आवश्यक रहने टिप्पणी गरेका छन् ।

राप्रपाका अध्यक्ष कमल थापाले लेखेका छन्, "प्रम ओली भन्नुहुन्छ- सरकार गिराउन भारतीय राजदूत सक्रिय भए । अर्कोतर्फ चिनियाँ राजदूत सरकार बचाउन नेताहरूको घरमा पुग्छिन् । के यस्तै रिमोट कन्ट्रोलबाट चल्ने लोकतान्त्रिक गणतन्त्रले नेपालको हित गर्छ ? राष्ट्रियता जोगाउन सक्छ ?"

परराष्ट्र मामलाका जानकार दिनेश भट्टराई पनि यसलाई बाँकी पृष्ठ २ मा

## बढेको सक्रियता

शीर्ष नेताहरूबीच तिक्तता बढेसँगै नेकपाको दोस्रो तह, केन्द्रीय कमिटीका नेता, प्रदेश र जिल्ला तहमा पनि एकताको दबाव दिन कार्य बढेको छ ।



**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ असार ।

शीर्ष नेताबीच विवाद कायम रहेका बेला सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का दोस्रो तहका नेताले सहमतिको खोजीका लागि सक्रियता देखाएका छन् । सहमतिकै प्रयासका लागि आजका लागि तोकिएको स्थायी कमिटी बैठक यही असार २४ गते सम्मका लागि स्थगन भएको छ भने विवाद मिलाउन अनौचारिक गृहकार्य जारी छ । आन्तरिक विवाद मिलाउन आइतबार प्रधानमन्त्री एवं अध्यक्ष केपी शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बीच छलफल हुँदा दोस्रो तहका चार नेतालाई सहमतिको खाका बनाउन औपचारिकरुपमा जिम्मेवारी दिइएको थियो ।

मन्त्रीसमेत रहेका स्थायी कमिटीका सदस्यद्वय घनश्याम भुसाल र योगेश भट्टराईले स्थायी कमिटीको बैठकमा विवाद बढेपछि सहमतिका लागि शीर्ष नेताहरुलाई सार्वजनिक आग्रहका साथै आफ्ना तर्फबाट विभिन्न पहल गरिरहेका छन् । स्थायी कमिटीका अर्का बाँकी पृष्ठ २ मा

## उपत्यकामा बढ्यो संक्रमण

### विश्वमा बढी संक्रमित हुने भारत तेस्रो मुलुक

गएको २४ घण्टामा १८० जना संक्रमित थपिएसँगै नेपालमा संक्रमित संख्या १६ हजार नजिक पुगेको छ भने मृतक संख्या ३५ पुगेको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ असार ।

गएको २४ घण्टामा नेपालमा संक्रमित संख्या १८० जना थपिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.जागेश्वर गौतमले आइतबार सोमबार १८० जना संक्रमित थपिएका जानकारी दिएका हुन् ।

सोमबार थपिएकामा काठमाडौंमा २४, भक्तपुरमा १० र ललितपुरमा २० जना छन् । नेपालमा थपिएको संक्रमित सँगै नेपालमा संक्रमित संख्या १६ हजार नजिक पुगेको छ । मन्त्रालयका अनुसार, १५ हजार ९६४ पुगेको मन्त्रालयले जनाएको छ । सोमबार थप २६४ जना निको भएर घर फर्किएका छन् । यो सँगै घर फर्कनेको संख्या ६ हजार ८११ पुगेको छ ।

मन्त्रालयले बितेको २४ घण्टामा २५ प्रयोगशालाबाट चार हजार ७२१ जनाको पीसीआर रिपोर्ट आएको हो । सरकारले अहिलेसम्म दुई लाख ५५ हजारको पीसीआर प्रणालीबाट परीक्षण गराएका छन् । गएको ९ माघदेखि संक्रमित देखिन थालेको नेपालमा अहिलेसम्म ३५ जनाको मृत्यु भएको छ । आइसोलेसनमा बस्नेको संख्या नौ जार ११८ र छ भने क्वारेन्टिन बस्नेको संख्या भने घटेर गएको छ । क्वारेन्टिन बस्नेको संख्या २९ हजार २१५ रहेको छ ।

भारत तेस्रो बढी संक्रमित

आइतबार २४ हजार २४८ संक्रमित थपिए पछि विश्वमा बढी संक्रमित हुने भारत मुलुक बनेको छ । आइतबार थपिएको संक्रमित सहित भारतमा संक्रमित संख्या ६ लाख ९७ हजार बाँकी पृष्ठ २ मा

**संख्या सय समस्या**

## आश्वासन छोडेर आन्दोलनको घोषणा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ असार

ईजाजतपत्र नवीकरणका लागि सय जना कामदार पठाउन नपाएका वैदेशिक रोजगार व्यवसायीहरुको ईजाजत नवीकरणका लागि दश महिनादेखि गरिएको आग्रहलाई सरकारले बेवास्ता गरेको भन्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मंगलबार (आज)देखि चरणवद्ध आन्दोलन गर्ने बताएको छ ।

कोरोना भाइरस संक्रमणपछि गत चैत १६ गते बसेको मन्त्रिपरिषद्को बैठकले लकडानउका कारण प्रभावित सबै पक्षलाई कर छुट तथा अन्य सहुलियत दिने निर्णय गरेको थियो । वैदेशिक रोजगारमा सय जना कामदार नपठाएकै कारणबाट ईजाजतपत्रवाला संस्थाहरुको खारेजी हुने वैदेशिक रोजगार ऐनको व्यवस्था हटाउन वैदेशिक रोजगार ऐन २०६४ मा संशोधनको प्रक्रिया अघि बढाउने निर्णय पनि सोही बैठकले गरेको थियो ।

तर मन्त्रिपरिषद्को उक्त निर्णय सार्वजनिक भएको तीन महिना लामो समय गुज्रिसकेको र ईजाजतपत्र नवीकरणको नियमित अवधि सकिन लाग्दासमेत समस्या समाधानमा सरकारका तर्फबाट कुनै निर्णय नगरिएको कारण चरणवद्ध आन्दोलनमा उत्रिनुपर्ने बाध्यतात्मक अवस्था आएको संघको भनाइ छ ।

संघका अध्यक्ष विष्णु प्रसाद गैरेले मंगलबार बुद्धनगरस्थित वैदेशिक रोजगार विभाग घेराउ गर्ने तयारी गरेको बताउँदै सक्रिय सहभागिताका लागि सबै व्यवसायीहरुलाई आह्वान गरिएको बताए । अध्यक्ष गैरको नेतृत्वमा सोमबार विभाग पुगेको संघ कार्यसमितिले आन्दोलन सम्बन्धी जानकारी विभागका सूचना अधिकारी भोलानाथ गुरागाईंलाई दिएको छ । अध्यक्ष गैरेले सरकारको रेस्पोन्स हेरेर आन्दोलनका स्वरुपहरु निर्धारण गरिने जानकारी दिए ।

मन्त्रिपरिषद्ले गत चैत १६ गते निर्णय गरेपछि व्यवसायीहरुले लकडाउनको अवधिमा पनि छिटो समस्या समाधानको माग गर्दै दौडधुपलाई तिव्रता दिएका थिए । सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालद्वारा मञ्चका बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### मर्जको अवधि पनि गुज्रिँदो

**काठमाडौं/मस–** वैदेशिक रोजगार ऐनले व्यवसायीहरुलाई एक आपसमा गाभिने प्रक्रिया (मर्जर)को व्यवस्था गरेपनि सयको संख्यामा कामदार पठाउन नपाएका व्यवसायीहरुका लागि मर्जरको पर्याप्त समय नरहको विभागको बुझाई छ । विभागका सूचना अधिकारी भोला प्रसाद गुरागाईंले वैदेशिक रोजगार ऐनको वर्तमान व्यवस्था अनुसार अघिल्लो आर्थिक वर्षमा एक आपसमा गाभिएर एक सयको संख्या पुऱ्याउने उद्देश्यले गाभिने अवधि असार मसान्तसम्म रहेको बताए ।

उनले भने, 'म्यानपावर कम्पनी नवीकरण हुने नियमित म्याद असार मसान्त हो, उक्त अवधिभित्र ऐनले नवीरकणका लागि तोकेको प्रक्रिया र मापदण्ड पूरा गरेको हुनुपर्छ भन्ने विभागको बुझाइ छ । मासिक दश हजारका दरले थप शुल्क तिरेर असोज मसान्तसम्म नवीकरण हुने मात्र हो । तर असार मसान्तसम्म सम्बन्धित म्यानपावर कम्पनीले तोकिएका सबै मापदण्ड पूरा गरेको हुनु अनिवार्य हुन्छ ।'

स्मरणीय छ, मर्जका लागि कम्तिमा ७ दिने सूचना बाँकी पृष्ठ २ मा

### कोरोनाले पनि घटाएन वैदेशिक रोजगारको आकर्षण

**काठमाडौं/मस–** कोरोना कहरकाबीच वैदेशिक रोजगारीमा जान युवाहरुको आकर्षण घटेको छैन । सोमबार मात्र ४ सय १० जनाले पुनः श्रम स्वीकृति लिएका छन् । सरकारले बिदामा आएका, भिसा र करार अवधि बाँकी भएकालाई वैदेशिक रोजगारीमा जान पुनः श्रम स्वीकृति दिने निर्णय गरी असार १८ गतेदेखि खुला गरेपछि सोमबार १९ देशमा जानका लागि लागि ४ सय १० जनाले पुनः श्रम स्वीकृति लिएको वैदेशिक रोजगार कार्यालय ताहाचल श्रोतले जानकारी दियो ।

सामान्य अवस्थामा सबैभन्दा धेरै खाडी मुलुक यूएईमा पुनः श्रम स्वीकृति लिएर नेपाली युवाहरु जाने गरेका बाँकी पृष्ठ २ मा

**एकाउन्टेण्ट चाहियो**

एक प्रतिष्ठित कम्पनीको लागि स्नातक तह उत्तीर्ण, कम्तीमा ३ वर्षको अनुभव भएको Word र Excel चलाउन जान्ने लेखा परीक्षण सम्बन्धी आधारभूत ज्ञान भएको एकाउण्टेण्ट चाहियो ।

सम्पर्क :
बागबजार, फोन : ९८५११५११०३

# 'आत्महत्याका लाइभ भिडियो सेयर नगर्नु'

## एक हप्तामा दुई घटना

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ असार

स्वास्थ तथा जनसंख्या मन्त्रालयले फेसबुकमा लाइभ गर्दै आत्महत्या गरेका भिडियोहरु सेयर नगर्न अनुरोध गरेको छ। त्यस्ता भिडियोले मानिसलाई आत्महत्या गर्न प्रेरित गर्ने र बालबालिकाको दिमागमा नकरात्मक असर पर्ने भन्दै सेयर नगर्न र देखेपछि तत्काल रिपोर्ट गर्न मन्त्रालयले आग्रह गरेको हो।



आत्महत्याको सोच वा योजना गम्भीर भावनात्मक संकट भएको र यस्तो सोच जोकोहीलाई पनि आउने हुँदा सचेत हुनुपर्ने मन्त्रालयको भनाइ छ। 'आत्महत्याको सोच वा योजना गम्भीर भावनात्मक संकट, तनाव हो', डा. गौतमले भने, 'यस्तो अवस्था आएमा परिवारका सदस्य वा साथीभाइसँग कुरा बाड्नुपर्छ।'

आत्महत्याका बारेमा कुरा गर्ने, आत्महानि, आत्महत्याको सोच वा योजना, गम्भीर भावनात्मक संकट, तनाव, आत्मीय व्यक्तिको मृत्यु, जागिर गुमाउँदा, कोरोनाका कारण जनजीविकामा समस्या भएर तनाव हुँदा, सम्बन्धविच्छेद, हिंसा वा दुरुपयोगको अनुभव भएमा आत्महत्या हुन सक्ने भन्दै यस्ता कुरामा सचेत हुन स्वास्थ्य मन्त्रालयले आग्रह गरेको हो।

मन्त्रालयले पछिल्लो समयमा आत्महत्याका घटनाहरु बढिरहेकोप्रति ध्यानाकर्षण भएको जनाएको छ। त्यस्ता भिडियोहरु देखेपछि तत्काल फेसबुकलाई रिपोर्ट गर्न र प्रहरीलाई खबर गर्न पनि मन्त्रालयले आग्रह गरेको छ। एकहप्ताको अवधिमा दाङ र चितवनमा दुई महिलाले फेसबुक लाइभ गरेर आत्महत्या गरेका थिए।

कोरोना महामारीको कारण गर्दा नेपालमा दैनिक ४-५ जनाले आत्महत्या गर्ने गरेको तथ्यांकले देखाएको छ। पछिल्ला दिनमा दैनिक १५ दैनिक जना सम्मले आत्महत्या गर्ने गरेको हाल बढेर २०-२१ जनाले आत्महत्या गर्ने गरेका छन्।

एक हप्तामा लाइभ आत्महत्याका दुई घटना

दाङमा एक युवतीले गत बिहीबार राति सामाजिक सञ्जाल फेसबुकमा लाइभ गरेर आत्महत्या गरिन्। तुलसीपुर उपमहानगरपालिका पाँच रानीजरुवाकी २३ वर्षीया युवतीले फेसबुक लाइभ गर्दै आत्महत्या गरेको प्रहरीले जानकारी दिएको छ।

फेसबुक लाइभ गरेर आत्महत्या गरेको जानकारी आउने बितिक्कै प्रहरीले युवतीको खोजी शुरु गरेको थियो। तर घर पुग्दा उनको मृत्यु भइसकेको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी प्रमुख डिएसपी शिवबहादुर सिंहले जानकारी दिए।

ती युवती केही समयदेखि माइतीमा बस्दै आएको बताइएको छ। माइतीका बुवा आमा सबै भारतमा काम गर्न गएकाले उनी घरमा एक्लै रहेको प्रहरीले जनाएको छ। घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

त्यस्तै, चितवनमा सामाजिक फेसबुकमा लाइभ गरेर एक युवतीले आत्महत्या गरेकी छन्। शनिबार राति भरतपुरको स्याउली बजारमा १९ वर्षीया युवतीले झुण्डिएर आत्महत्या गरेकी हुन्। जिल्ला प्रहरी कार्यालय चितवनका इन्सपेक्टर सुभास भट्टका अनुसार भरतपुर महानगरपालिका-२४ घर भएकी ती युवतीले फेसबुकमा लाइभ भएर आत्महत्या गरेको जानकारी दिए।

भरतपुरमा ती युवतीले ब्युटिपार्लर र अनलाइन व्यवसायको काम गर्दै आएको इन्सपेक्टर भट्टले बताए। ती युवतीले आत्महत्या गर्नुको कारण नखुलेको प्रहरीले जनाएको छ। ती युवती भरतपुरको स्याउली बजारमा एउटा फ्ल्याटमा भाडामा तीनजना साथीसँग बस्दै आएकी थिइन्। साथीहरुको नभएको समयमा ती युवती सलको पासो लगाएर झुण्डिएकी प्रहरीको भनाइ छ।

# नेपाली सैनिक आज शान्ति मिसनमा जाँदै

**काठमाडौं/मस-** नेपाली शान्ति सैनिकका दुई डफ्फा एउटै विमानमार्फत मंगलबार (आज) द्वन्द्वग्रस्त मुलुक सेन्ट्रल अफ्रिकन रिपब्लिक र माली प्रस्थान गर्दैछन्। कोभिड-१९ को जोखिम नियन्त्रण र रोकथाम गर्ने उद्देश्यले संयुक्त राष्ट्रसंघले बदली हुन जाने शान्ति सेना पठाउने कार्यलाई केही समय स्थगन गरेको थियो।



संयुक्त राष्ट्रसंघको आह्वानमा ती मुलुकमा तीन महिना अघि नै खटिई जानुपर्ने शान्ति सैनिक कोभिड-१९ कै कारण रोकिन परेको थियो। नेपाल वायु सेवा निगमको न्यारोबडी जहाजमार्फत शान्ति सैनिक पठाउन लागिएको सेनाका प्रवक्ता विज्ञानदेव पाण्डेले जानकारी दिए।

उक्त विमानमा सेन्ट्रर अफ्रिकन रिपब्लिकका लागि ५६ सैनिक प्रहरी र मालीका लागि १२८ सैनिक इञ्जिनीयरको प्राविधिक टोली जानेछ। जङ्गी अड्डाका अनुसार, केही समयपछि नै २३० जनाको शान्ति सैनिकको अर्को टोली द्वन्द्वग्रस्त मुलुक लिबिया प्रस्थान गर्नेछ।

सुडानका लागि प्रस्थान गर्नुपर्ने अर्को शान्ति सैनिक टोली सम्पूर्ण तालीम प्रशिक्षण पूरा गरे पनि त्यहाँबाट अनुमति प्राप्त भई नसकेका कारण त्यसतर्फ जान थप केही समय कुर्नपर्ने देखिएको छ। सुडान खटिने नेपाली शान्ति सैनिकको सङ्ख्या ७०० छ। पछिल्लो समय द्वन्द्वग्रस्त मुलुकमा शान्ति स्थापनार्थ परिचालित शान्ति सैनिकको डफ्फा एक वर्षका लागि खटिँदै आएको छ।

**नेपाली सेनालाई ४३ मिसनको अनुभव**

विभिन्न मुलुकमा स्थापना भएका ४३ वटा मिसनमा खटिएर हालसम्म एक लाख २९ हजार ९१७ नेपाली शान्ति सैनिकले विश्व शान्तिका लागि योगदान पुऱ्याइसकेका छन्। संयुक्त राष्ट्रसंघको आह्वानमा हाल विश्वका १२ मिसनमा रही तत् देशमा शान्ति स्थापनार्थ पाँच हजार ९१ नेपाली शान्ति सैनिक परिचालित छन्। शान्ति सैनिकमा खटिने महिला सैनिकको संख्या हाल १८० जना छ।

नेपाल प्रहरीका २३९ र सशस्त्र प्रहरी बलको ३४६ को संख्यामा जनशक्ति विभिन्न द्वन्द्वरत मुलुकमा शान्ति स्थापनाका लागि खटिरहेको छ। त्यसरी खटिने क्रममा हालसम्म ६८ नेपाली शान्ति सैनिकले वीरगति प्राप्त गरेका छन् भने ६६ सैनिक गम्भीर घाइते भएका सेनाले जानकारी दिएको छ।

अहिले शान्ति सैनिक धेरै पठाउने मुलुकको सूचीमा नेपाल चौँथो वरियतामा छ। संयुक्त राष्ट्रसंघलाई नेपालले १० हजारको संख्यामा नेपाली शान्ति सैनिक उपलब्ध गराउन सक्ने जानकारी दिइसकेको छ।

द्वन्द्वग्रस्त मुलुकमा शान्ति स्थापनाका लागि गरेको योगदानका आधारमा फोर्स कमाण्डरलगायत उच्चतहको जिम्मेवारी पाउनुपर्ने माग गर्दै आएको छ। पछिल्लो समय नेपाली सेनाका उपरथी ईश्वर हमालले फोर्स कमाण्डरको जिम्मेवारी पाएका छन्। उनी उक्त पद प्राप्त गर्ने नेपाली सेनाका छैटौँ उच्च अधिकृत हुन्।

# हुलाकी सडक निर्माणमा भारतीयद्वारा अवरोध



कञ्चनपुर/मस- कञ्चनपुरको दक्षीण क्षेत्रमा निर्माणाधीन हुलाकी सडक निर्माणमा भारतीय सुरक्षा निकायले सीमा विवाद रहेको भन्दै अवरोध पुऱ्याएको छ। आइतबार बेलौरी नगरपालिका-८ पचुँई क्षेत्रमा निर्माण भइरहेको हुलाकी सडकमा भारतीय सुरक्षाकर्मी आएर उक्त क्षेत्र भारतको भू-भागमा पर्ने दाबीसहित अवरोध पुऱ्याएको वडाध्यक्ष नन्दकुमार रानाले बताए।

'आफ्नै भूमिमा सडक बनाउँदा पनि भारतीय आएर सीमा विवाद भन्दै अनावश्यक झमेला गरेर सडक अवरोध गरे,' वडाध्यक्ष रानाले भने, 'यसअघि पनि उक्त क्षेत्रमा भारतीय थिचोमिचो रहँदै आएको छ।' उक्त क्षेत्रको निर्माणको जिम्मा पाएको निर्माण कम्पनीले अवरोधका कारण दुई दिनदेखि सडक निर्माण अघि बढ्न नसकेको जनाएको छ।

'जीपीएस नक्साबाट सडक निर्माणस्थल भारतको भूमिमा पर्ने दाबी भारतीय पक्षको छ,' रानाले भने, 'यहाँ धेरै ठाउँमा भारतले नेपाली भूमि कब्जा गरेको अवस्था छ।' शसस्त्र प्रहरी बल ३५ नम्बर गणका गणपति शसस्त्र प्रहरी उपरीक्षक बीरसिंह साहुले सडक अवरोधका विषयमा मंगलबार छलफल गरेर समाधान खोजिने बताए।

कञ्चनपुरका डोकेबजार-बेलौरी, बेलौरी बेल्डडाँडी र बेल्डाँडी दैजी खण्डमा विभाजन गरी उक्त ६२ किलोमिटर हुलाकी सडक निर्माण भइरहेको छ। हुलाकी सडक योजना कार्यालय धनगढीका इञ्जिनीयर पद्मबहादुर मडैले उक्त क्षेत्रमा यसअघि पनि सडक निर्माणका क्रममा भारतीय पक्षले अवरोध गरेको बताए।

# बाल गायक भट्टराईको 'बादलमा बुट्टा' सार्वजनिक




सिरहा/मस- कक्षा ७ मा अध्ययनरत बाल गायक अग्रज भट्टराईको 'बादलमा बुट्टा' गीत यूट्युब च्यानलबाट सार्वजनिक भएको छ। खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-४ का बुबा मीन भट्टराइ र आमा जुनु भट्टराईका कोखबाट जन्मिएका अग्रज बहुप्रतिभाशाली बाल गायक हुन्। सानै उमेरदेखि संगीतमा रुची राख्ने अग्रज बहुप्रतिभाशाली साथै अध्ययनमा पनि उत्तिकै अब्बल छन्। उनी संगीतको आदर्श र प्रेरणाको स्रोत गुरु क्षितिज कुलुङलाई मान्छन्।

गायक अग्रजको आधिकारिक यूट्युब च्यानलबाट सार्वजनिक भएको गीतमा प्रकृतिसँग सम्बन्धित विभिन्न विषयमा बाल जिज्ञासा राखिएको छ। गीतमा कवि तथा गीतकार टंक भट्टराईको शब्द र प्राज्ञ तथा वरिष्ठ गायक शान्तिराम राईको संगीत रहेको छ। यसअघि बाल गायक अग्रज भट्टराईको स्वरमा रहेको गीत 'सबै भन्छन' सार्वजनिक भएको थियो। 'बादलमा बुट्टा' गीत अग्रजको स्वर रहेको दोस्रो गीत हो।

# गुल्मीका मनकारी स्वास्थ्यकर्मी

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, २२ असार

आर्थिक अभावका कारण विगत ६ वर्षदेखि अज्ञात रोगले ग्रसित गुल्मीका एक बालकलाई जिल्लाका स्वास्थ्यकर्मीले निःशुल्क उपचार गरिदने भएका छन्। जिल्लाको रेसुंगा नगरपालिका वडा नं. १० का कान्त कुँवरको सबै उपचार खर्च स्वास्थ्यकर्मी होम पल्लीले व्यहोर्ने भएका हुन्।



परिवारको आर्थिक अवस्था कमजोर हुँदा कुँवरले विगत ६ वर्षदेखि उपचार पाएका थिएनन्। घरपरिवारले दम रोग बताउँदै आएता पनि उनको स्वास्थ्य परीक्षण गर्दा रक्तअल्पता र थाइराइडमा समस्या देखिएको छ। जिल्लामा उनको उपचार सम्भव नभए जिल्ला बाहिर पठाउने र सम्पूर्ण खर्च आफूले व्यहोर्ने स्वास्थ्यकर्मी पल्लीले प्रतिबद्धता व्यक्त गरेका छन्। यता कुँवरका परिवार पनि निकै हर्षित भएका छन्। लामो समयसम्म उपचार नपाएर जीवन बिचल्लीमा परेका परिवार निःशुल्क उपचार पाउँदा हर्षीत बनेका हुन्। उनका बुवा पुनराम कुँवरले भने, 'मेरा लागी डाक्टर साब र जिल्लाका संचारकर्मी मोहन बस्नेत र बाबुराम पाण्डे भगवान जस्तै हुन्।'

त्यस्तै १२ वर्षीय कान्तले पनि सबैलाई धन्यवाद दिएका छन्। कुँवरको अवस्थाबारे केही दिन अघि जिल्लाका संचारकर्मी बस्नेत र पाण्डेले सार्वजनिक गरेसंगै उनको उपचार सम्भव हुने भएको हो। उनको अहिले जिल्लाको शुभलक्ष्मी फर्मामा उपचार भइरहेको छ।

# गुल्मी कांग्रेसद्वारा प्रशासनको ध्यानाकर्षण

गुल्मी/मस- नेपाली कांग्रेस गुल्मीले जिल्ला प्रशासन कार्यालयको ध्यानाकर्षण गराएको छ। यहि असार १८ गते राति परेको अविरल वर्षाका कारण जिल्लाको इस्मा गाउँपालिका- १ मल्दीमा मानवीय क्षति हुने गरी गएको पहिरोका कारण बिस्थापित परिवारको उचित व्यवस्थापन हुन नसकेको भन्दै कांग्रेसले सोमबार प्रशासनको ध्यानाकर्षण गराएको हो। नेपाली कांग्रेस गुल्मी जिल्ला सभापति भुवन प्रसाद श्रेष्ठ, सचिव खिलध्वज पन्थी, कोषाध्यक्ष हरि बहादुर खत्री, नेपाली कांग्रेस क्षेत्र नं.२ का सभापति भगतसिंह खड्का, क्षेत्र नं. २ प्रदेश (क) का सभापति पूर्ण केसी, लगायतका नेताहरुले प्रमुख जिल्ला अधिकारी भरत कुमार शर्माको ध्यानाकर्षण गराएका हुन्।



उनीहरुले पहिरोमा परी मरेका पशुचौपायाको उचित व्यवस्थापन हुन नसकिरहेको, बिस्थापित परिवारहरुको उचित व्यवस्थापन हुन नसकिरहेको भन्दै तत्काल गनुपर्ने राहत र उद्धारको कार्यमा ढिलासुस्ती भएको बताएका थिए।

पहिरोमा परी मुसिकोट नगरपालिका २ का भागिरथ घिमिरे बेपत्ता रहेको भन्दै खोजी कार्यलाई तिव्र बनाउन आग्रह गरे। उनीहरुले पहिरो प्रभावित क्षेत्रको जिल्लास्तरीय विपद् व्यवस्थापन समितिले तत्काल प्रत्यक्ष अवलोकन गर्न पनि माग गरे।

त्यस अवसरमा प्र.जि.अ शर्माले उनीहरुको राहत र उद्धारका लागि आफुहरुले पहल गरीरहेको बताए। पहिरो गएपश्चायत अवरुद्ध बिद्युत, खानेपानीको व्यवस्थापनका लागि त्यहाँको स्थानीय सरकारलाई जानकारी गराएको शर्माले उल्लेख गरे।

### बल्ल...

अस्वभाविक मान्छन्। उनले लेखेका छन्। उनी भन्छन्, "यथार्थ के हो ठ्याक्कै भन्न गाह्रो छ। तर, बाख्रा हराउनु र स्याल कराउनु सँगै भनेजस्तो चाहिँ भएको छ।" दुई अध्यक्ष बीचको सम्वाद सकारात्मक बनेसँगै नेकपाको स्थायी कमिटी बैठक फेरि स्थगित गरिएको छ। गएको असार १६ गते देखि नै बैठक स्थगित हुँदै आएको छ।

सरकार र पार्टीको सम्बन्ध, कोरोना रोकथाम, एमसिसी, पार्टी एकताका बाँकी काम आदि कार्यसूचीका लागि यही असार १० गतेदेखि जारी नेकपाको स्थायी कमिटीको बैठक यही असार २४ गतेसम्मका लागि स्थगित भएको छ।

### बढेको....

सदस्य टोबहादुर रायमाझीले समृद्धि र स्थिरताका लागि मिलेर काम गर्नुपर्ने समयमा अहिले सरकार परिवर्तनको खेलमा नलाग्न आग्रह गर्दै आएका छन्। यसरी हेर्दा नेकपाभित्रको विवादमा पूर्व समूहरुको धार वा कुनै वैचारिक मतभेद भन्दा पनि शक्ति सङ्घर्ष र आपसी समन्वयको बेमेल मात्रै देखिन्छ।

पार्टीलाई एकताबद्ध बनाउन युवा नेता हिमाल शर्माको पहलमा ५३ जना केन्द्रीय सदस्य बीच आइतबार जुम बैठक भएको थियो। शर्माका अनुसार "पार्टी एकता अपरिहार्य छ। विभाजनको छुट कसैलाई छैन। यो आम कार्यकर्ताको आवाज हो।"

नेकपाको प्रदेश नं १ का १४ वटा जिल्ला अध्यक्ष र सचिवले पनि सार्वजनिक अपिल गरी एकताका लागि दबाब दिएका छन्। नेताहरुबीच विवाद बढेपछि यही असार १८ गतेको पार्टीको स्थायी कमिटीको बैठकले शीर्ष तहमा अनौपचारिक छलफलका लागि केही दिन बैठक स्थगन गरी आजका लागि तोकिएको थियो।

असार १८ गते सरकारले सङ्घीय संसद्को बजेट अधिवेशन अन्त्य गराएको विषयमा पनि नेताहरुबीच फरक फरक मत रहेको छ। यही बीचमा केही नेताले राष्ट्रपतिलाई हटाउन महाभियोग लगाउने बारेमा कानूनी परामर्श गरेको भन्ने सूचना बाहिरिएपछि थप बहस भएको थियो। आइतबार अध्यक्ष दाहाल वरिष्ठ नेताहरु झलनाथ खनाल र माधवकुमार नेपालले शीतल निवास गएर राष्ट्रपति भण्डारीलाई आफूहरुले कुनै त्यस्तो तयारी नगरेको स्पष्ट पारे।

नेकपा विभाजनमा पुग्न लागेको टिप्पणी गरिँदा प्रधानमन्त्री ओली र प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवासँग उहाँको निवासमा नेकपा संसदीय दलका उपनेता सुवास नेम्वाङबीचको भेटवार्ताले कतै फरक गठबन्धन बन्ने त होइन आशङ्का उत्पन्न भए पनि दुवै दलका नेताले सत्ता साझेदारीबारे सरकार र प्रतिपक्षबीच कुनै छलफल नभएको तर संवैधानिक पदका नियुक्ति लगायतका विषयमा छलफल भएको स्पष्ट पारेका छन्। संसद् नभएका स्थितिमा राजनीतिक दलसम्बन्धी खारेज भएको अध्यादेश पुनः ब्युँतने संशय पैदा हुँदा हाल त्यस्तो योजना नरहेको प्रधानमन्त्री ओलीले स्पष्ट पार्नुभएको छ। अध्यक्ष दाहालले पनि राष्ट्रपतिसँगको भेटमा परामर्शविना कुनै अध्यादेश जारी नगर्न आग्रह गर्दै आउनुभएको छ।

दोस्रो तहका नेताहरुले जनताको कार्यादेशअनुसार अस्थिरता ल्याउने र कम्युनिष्ट आन्दोलन समाप्त पार्ने गरी कुनै निर्णय वा फुटको स्थितिमा नगई पार्टी एकताबद्ध भई समृद्धि र स्थिरताका लागि एकताबद्ध भएर लाग्न दबाब दिँदै आएका छन्।

कतिपय प्रदेश र जिल्ला तहबाट पार्टी नेतृत्वलाई यस प्रकारको लिखित सुझाव पठाइएको छ। तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच २०७५ जेठ ३ मा एकता भएको थियो।

### उपत्यकामा...

नाघेको छ। भारतमा ठूलो संख्यामा संक्रमित थपिएपछि रुस भन्दा भारतमा संक्रमित संख्या बढी हुन पुगेको हो। रुसमा ६ लाख ८० हजार संक्रमित पुष्टि भएको छ।

भारतको स्वास्थ्य मन्त्रालयका अनुसार, बितेको २४ घण्टामा ४२५ जनाको मृत्यु भएको छ। यो सँगै मृतक संख्या १९ हजार ६९३ पुगेको छ। अमेरिका, ब्राजिल, यूके पछि भारतमा धेरै मानिसको संक्रमणबाट मृत्यु भएको छ। भारतमा दुई लाख ५३ हजार संक्रमित उपचारत छन् भने चार लाख २४ हजार बढी निको भएर घर फर्किएका छन्।

भारतमा गएको २४ घण्टामा दुई लाख ८० हजारको स्वाब लिइएको छ। भारतमा अहिले औसत दैनिक दुई लाखको स्वाब संकलन हुँदै आएको छ। भारत भन्दा बढी संक्रमित मुलुकमा अब अमेरिका र ब्राजिल मात्रै हो।

### संख्या...

पूर्व अध्यक्ष हरि बहादुर पाण्डे क्षेत्रीको संयोजकत्वमा गठित संख्या सय समस्या समाधान समितिले गत असार ५ गते नै पत्रकार सम्मेलन गरी एक/दुई दिन भित्रै समस्याको समाधान हुने दाबी नै सार्वजनिक गरेको थियो।

लामो प्रयास र प्रतिक्षापछि पनि समस्याको समाधान नभएपछि गत सोमबारसमेत संघ र मञ्चले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवलाई भेटी परिस्थितिको संवेदशीलता अवगत गराउँदै सकेसम्म छिटो निकास दिन माग गरेका थिए। आफुहरुको मागमा मन्त्री यादवले उच्च महत्वका साथ गम्भीरता देखाएको भएपनि सो अनुसार परिणाम आउन नसकेको मञ्चका संयोजक राम प्रसाद भान्तनाले बताए।

संघका पूर्व अध्यक्ष रोहन गुरुङ नेतृत्वको व्यवसायीहरुको एक टोलीले प्रधानमन्त्री कार्यालयमा समस्या समाधनाका लागि निरन्तर पहल गरिरहेको बताइएको छ। यी सबै तर्फका प्रयासले समस्याको समाधान आउने सूचना प्रवाह व्यवसायीहरुबीच हुने गरेको छ। त्यसले व्यवसायीहरुको उत्साह बढाइरहेको छ।

तर नवीकरणको नियमित म्याद एक हप्तामात्र बाँकी रहँदा पनि समस्याको समाधान नहुँदा बहुसंख्यक व्यवसायी अन्योलमा देखिएका छन्। संघले गरेको अनौपचारिक आँकलनमा ऐन र नियमावलीमा रहेको हालको व्यवस्था परिवर्तन नभएमा हाल कायम रहेका ८ सय ५४ व्यवसायीमध्ये करिब सवा पाँच सयले ईजाजतपत्र नवीकरण गर्न सक्ने छैनन्। उता वैदेशिक रोजगार विभागले भने व्यवसायीहरुको ईजाजतपत्र नवीकरणको कार्यलाई निरन्तरता दिइरहेको छ। व्यवसायीहरुले दश हजार नवीकरण शुल्क बुझाएमा असार मसान्तसम्म र प्रत्येका महिना दश हजार शुल्क तिरेर असोज मसान्तसम्म ईजाजतपत्र नवीकरण गराउन पाउँछन्।

मन्त्रिपरिषद्बाट निर्णय आई ईजाजतपत्र नवीकरण हुने आशमा दिन गनिरहेका अधिकांश व्यवसायी समयको चापका कारण एक आपसमा गाभिने (मर्जर) प्रक्रियामा जान समेत नपाउने अवस्थामा रहेका छन्।

### मर्जको ...

राष्ट्रिय दैनिकमा प्रकाशित गर्नुपर्ने प्रावधान यसअघि नै विभागले बनाइसकेको छ। गत भदौमा तत्कालीन महानिर्देशक डा. भीष्म कुमार भुसालले ३५ दिने सूचना अवधिलाई ७ दिनमा झारेका थिए।

### कोरोनाले ...

थिए। हालपनि सोही मुलुक जाने धेरै देखिएका छन्। सोमबार श्रम स्वीकृति लिएकामध्ये १ सय ९२ जना यूएई जाने कामदार रहेका छन्। यूएईपछि जापानका लागि ८९, मलेसियाका लागि २४, कतारका लागि ४१, बहराइनका लागि ६, ब्रुनाईका लागि ७, कुवेतका लागि ११, चीनका लागि ८, माल्दिभ्सका लागि ३, माल्टाका लागि ५, ओमानका लागि ३, पोल्याण्डका लागि ९ र जोर्डन, यूगाण्डा र अमेरिकाका लागि १/१ जनाले पुनः श्रम स्वीकृति लिएका छन्।

# ढकाललाई सदस्य-सचिवको जिम्मेवारी



## मैले सक्ने जति काम गरें : सिलवाल

**काठमाडौं, मस–** राखेपका पूर्व सदस्यसचिव रमेश कुमार सिलवाल एक बर्ष पुग्नै लाग्दा नयाँ ऐनका कारण पदमुक्त भए। अघिल्लो वर्ष असार २३ गते नियुक्ति पाएका सिलवालले आफ्नो एक बर्षको कार्यकालमै उनी पदमुक्त भएका हुन् ।

उनले आफूले एक वर्षको छोटो कार्यकालमा राम्रो काम गरेको बताएका छन् । खेलकुद विकास ऐन २०४८ मार्फत ४ वर्षका लागि नियुक्त भएका सिलवाल नयाँ ऐन आएपछि पनि आफ्नै निरन्तरता हुनेमा ढुक्क थिए । तर ऐनमा भएको व्वस्था अनुसार पदबाट मुक्त भएपनि अदालतमा आफू नजाने बताए ।

उनले दुई तीन कुरालाई आफ्नो सफलता मानेका छन् । त्यसमा पहिलो हो, दक्षिण एशियाली खेलकुद सागको सफल आयोजना । सिलवाल भन्छन्, 'मैले नियुक्ति पाएपछि परिषदकै कर्मचारी पनि साग हुन्छ भन्नेमा विश्वस्त थिएनन् । सागका लागि पुर्वाधार निर्माणको काम भयाभव अवस्थामा थियो । जताजतै लथालिंग थियो, खेलाडीको बन्द प्रशिक्षण सुरु भएको थिएन, तर जुन चुनौतीका साथ सागको काम भएर आयोजना भयो, त्यसैले उल्लेखनीय सफलता पनि हासिल गऱ्यौं ।'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ जेठ

युवा तथा खेलकुद मन्त्रालयले मन्त्रालयअन्तर्गतकै खेलकुद विकास महाशाखाका प्रमुख भक्तबहादुर ढकाललाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) को सदस्य-सचिवको जिम्मेवारी दिएको छ । असार २१ गतेको मन्त्रीस्तरीय निर्णयानुसार ढकाललाई सदस्य-सचिवको जिम्मेवारी दिइएको हो ।

राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १७ को उपदफा (१२) बमोजिम अर्को व्यवस्था नभएसम्म तत्कालका लागि राखेपको सदस्य-सचिवले गर्ने कार्य गर्ने गरी जिम्मेवारी दिइएको युवा तथा खेलकुद मन्त्रालयले जनाएको छ ।

सुर्खेत निवासी ५७ वर्षीय ढकाल करिब १ महिनाअघि कर्णाली प्रदेशको समाजिक विकास मन्त्रालयबाट खेलकुद मन्त्रालयमा आएका थिए । राखेपका विभागीय प्रमुख कुलबहादुर थापाले सदस्य-सचिव ढकाललाई बधाइ दिएका छन् । सञ्चारकर्मीसँग कुरा गर्दै ढकालले आफूले राखेपको दैनिक प्रशासिन कार्यमा सघाउने जानकारी दिए । नयाँ ऐन अनुसार आफू नियुक्त भएको बताउँदै ढकालले आफू छोटो समयका लागि भएको पनि बताए । नयाँ ऐन अनुसार सदस्यसचिव नियुक्त गर्नका लागि केही समय लाग्ने भएकाले मन्त्रालयले उनलाई अहिलेका लागि सदस्यसचिवको रुपमा पठाएको हो ।

# ए डिभिजन क्लबले पाए महानगरबाट अनुदान



**काठमाडौं, मस-**काठमाडौं महानगरपालिकाले महानगर भित्र रहेका ६ ओटा 'ए' डिभिजन क्लबलाई १० लाख रुपैयाँका दरले आर्थिक सहयोग गरेको छ ।

महानगरपालिकाले सोमबार राष्ट्रिय सभा गृहमा एक कार्यक्रम आयोजना गरी उक्त रकम हस्तान्तरण गरेको छ । महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले महानगरभित्र रहेका ६ ओटा क्लवलाई प्रति क्लव १० लाख रुपैयाँका दरले सहयोग हस्तान्तरण गरे ।

महानगरपालिकाबाट मछिन्द्र क्लब, सरस्वती युवा क्लब, हिमालयन शेर्पा क्लब, काठमाडौं खेल मण्डल (एनआरटी), संकटा क्लब र मनाङ मर्स्याङ्दी कल्बले आर्थिक सहयोग पाएका हुन् ।

सहयोग हस्तान्तरणपछि कार्यक्रमलाई सम्बोधन गर्दै महनगरका प्रमुख शाक्यले खेलकुदको विकास तथा प्रर्वद्धनका लागि सहयोग रकम हस्तान्तरण गरिएको बताए । उनले महानगरले आगामी वर्षदेखि खेलकुद क्षेत्रमा लगानी बढाउँदै जाने नीति लिएको र खेलकुदको विकासका लागि सहकार्य गरेर अघि बढ्न महानगर तयार रहेको बताए ।

उनले महानगरभित्र रहेका 'ए' डिभिजनलाई १० लाख रुपैयाँ, 'बि' डिभिजनलाई ३ लाख रुपैयाँ र 'सी' डिभिजनलाई २ लाख रुपैयाँका दरले सहयोग गर्दै आएको र आगामी वर्ष देखि सहयोग रकमलाई वृद्धि गर्ने प्रतिवद्धता समेत जनाएका थिए ।

कोभिड १९ महामारीका कारण विगतका वर्षमा जस्तै 'ए', 'बि' र 'सी' डिभिजनका क्लबहरुलाई एकैसाथ सहयोग गर्न नसकिएको उनले बताए । पहिलो चरणमा 'ए' डिभिजनलाई सहयोग गरिएको र यसपछि छिट्टै नै 'बि' र 'सी' लाई पनि सहयोग उपलब्ध गराउने उनले जानकारी दिए ।

उपप्रमुख हरि प्रभाव खड्गीले खेलकुदका माध्यमबाट देशको पनि पहिचान बढ्ने भएकाले महानगरले सहयोग गर्न शुरु गरेको बताइन् । साथै महानगरपालिकाले फुटबललाई मात्रै नभई अन्य खेललाई पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

कार्यक्रममा अखिल नेपाल फुटबल संघ (एन्फा)का अध्यक्ष कर्मा छिरिङ शेर्पाले महानगरपालिकाले खेलकुद क्षेत्रको विकासका लागि गरेको सहयोगको प्रसंशा गरेका थिए ।

यस्तै ए डिभिजन लिग च्याम्पियन मछिन्द्र क्लबका अध्यक्ष प्रमोदबीर कंशाकारले आगामी दिनमा महानगरले अनुदान रकम बृद्धि गर्नेमा आफू विश्वस्त रहेको बताए ।

काठमाडौं महानगरपालिकाले गत वर्ष पनि 'ए', 'बि' र 'सी' डिभिजन क्लबलाई आर्थिक सहयोग गरेको थियो ।

# खेल पत्रकार सम्मानित



**काठमाडौं, मस–** युवा तथा खेलकुद मन्त्रालयले ४ खेल पत्रकारसहित १० पत्रकारलाई सोमबार नगदसहित सम्मान गरेको छ ।

सम्मानित हुने खेल पत्रकारमा अन्नपूर्ण पोस्टका रोशनकुमार सिंह, कान्तिपुर दैनिकका ध्रुवकुमार तुलाधर, नेपाल टेलिभिजनकी प्रियालक्ष्मी कार्की र पोखराका केशव पठाक रहेका छन् ।

युवा तथा खेलकुद मन्त्री जगतबहादुर सुनार (विश्वकर्मा) र सचिव रामप्रसाद थपलियाले उनीहरुलाई प्रशंसा पत्र र नगद ५० हजार रुपैयाँ प्रदान गरी सम्मान गरे । पठाक पोखरामा भएका कार्यक्रममा उपस्थित भएनन् । सोही अवसरामा विभिन्न सञ्चारमाध्यमका ६ युवा पत्रकारलाई पनि प्रशंसा पत्र र नगद ५० हजार रुपैयाँसहित सम्मान गरिएको थियो । सोही कार्यक्रममा मन्त्री विश्वकर्माले एन्टी डोपिङ एप्स पनि सार्वजनिक गरिएको थियो ।

# अनलाइन करातेमा नेपाल तेस्रो



**काठमाडौं, मस–** आईएसकेयु ईन्टरनेशनल अनलाईन कराते काता च्याम्पियनसिपमा नेपालले तेस्रो स्थानमा हासिल गरेको छ ।

नेपालले ६ स्वर्ण, ६ रजत र ६ कास्य सहित कुल १८ पदक जित्दै तेस्रो स्थान हासिल गरेको राखेपका प्रशिक्षक सुरेन्द्र श्रेष्ठले जानकारी गराए । भारत ११ स्वर्ण, ११ रजत र २५ कास्य सहित च्याम्पियन बन्यो । १० स्वर्ण, ५ रजत र ७ कास्य जितेको ईरान दोस्रो भयो ।

ईन्टरनेशनल सोतोकान कराते युनाईटेड (आईएसकेयु) र ईन्स्टिच्युट अफ सोतोकान कराते युनाईटेड (आईएसकेयु) को संयुक्त आयोजनामा भएको च्याम्पियनसिपको अन्तिम दिन नेपालले थप १ स्वर्ण, २ रजत र १ कास्य जोड्न सफल भयो ।

अन्तिम दिन भेट्रान्स महिला विधामा राखेपकी प्रशिक्षक एवं खेलाडी कुन्ति गुरुङ जीमीले नेपालका लागि थप एक स्वर्ण जोडिन् ।

यस्तै सिनियर क्याटेगोरीमा पुरुष तर्फ नेपालका लागि सोनिम मानन्धरले र महिला तर्फ निता आचार्यले रजत हात पारे । यसैगरि सिनियर पुरुष तर्फ बब्लु रैनले कास्य जितेका छन् ।

# डोमिनिकन रिपब्लिकको राष्ट्रपतिमा अबिनादर निर्वाचित



**सान्तो डोमिङ्गो, एएफपी-** क्यारेबियाली मुलुक डोमिनिकन रिपब्लिकको राष्ट्रपतिमा विपक्षी नेता लुइस अबिनादर विजयी भएका छन् । क्यारेबियाली मुलुकमा विगत १६ वर्षदेखि लगातार शासन गरेको डोमिनिकन लिबरेसन पार्टी (पिएलडी) यसपटक पराजित भएको छ । पिएलडीका तर्फबाट लगातार दोस्रोपटक गोन्जालो कास्टिल्लो राष्ट्रपतिका उम्मेदवार थिए । राष्ट्रपतिका लागि यसपटक छ जनाको उम्मेदवारी परेको थियो ।

राजधानी सान्तो डोमिङ्गोस्थित पार्टी कार्यालय बाहिर भेला भएका समर्थकहरुलाई सम्बोधन गर्दै ५२ वर्षीय अबिनादरले भने, "हामीले चुनाब जितेका छौं, तर हामीलाई चुनावमा विजयी गराउने जनतालाई हामीले कहिल्यै भुल्नु हुँदैन ।"

उनका मुख्य प्रतिद्वन्द्वी कास्टिल्लोले चुनावमा आफू पराजित भएको स्वीकार गर्नु भएको छ । केन्द्रीय चुनाव आयोगका अनुसार करिब ६० प्रतिशत मतगणना भइसक्दा अबिनादरले करिब ५३ प्रतिशत मत प्राप्त गरेका छन् । कास्टिल्लोले भने ३७ प्रतिशत मात्र मत प्राप्त गरेका छन् । यस पटकको चुनावमा केही स्थानमा सत्तारुढ पार्टी र विपक्षी कार्यकर्ताबीच सामान्य झडप भएका छन् । राजधानीस्थित एक मतदान स्थलबाहिर दुबै पक्षका कार्यकर्ताबीच झडप हुँदा प्रहरीले चलाएको गोली लागेर एक व्यक्तिको मृत्यु भएको छ ।

कोरोना भाइरसका कारण मुलुक लकडाउनको अवस्थामा रहे पनि चुनाव सम्पन्न भएको छ । वर्तमान राष्ट्रपति डानिलो मेडिनाले लकडाउनका कारण पूर्व निर्धारित मितिभन्दा झण्डै एक महिनापछि मात्र चुनाव गराएका हुन् । डोमिङ्गोको संविधान बमोजिम डानिलो भने तेस्रो कार्यकालका लागि चुनावमा सहभागी हुन पाएका थिएनन् ।


# भारतमा चार माओवादी मारिए

**उडिसा, एएनआई–** भारतको उडिसाको कान्धामल जिल्लामा भारतमा सशस्त्र विद्रोह गरिरहेका चार जना माओवादी लडाकूको सरक्षा कारबाहीमा ज्यान गएको बताइएको छ ।

उक्त जिल्लामा भारतीय सुरक्षा बलका सदस्यहरुसँग भएको दोहोरो भिडन्तमा परी ती माओवादी लडाकू मारिएको बताइएको छ । उडिसा राज्यका प्रमुख सचिव अजित त्रिपाठीले सो कुराको जानकरी दिएको भारतीय सञ्चारमाध्यमहरुले जानकारी गराएका छन् ।

मुख्य सचिव त्रिपाठीले सोमबार बिहान ट्वीट गरेर सो क्षेत्रमा सुरक्षा गस्तीमा रहेका भारतीय सुरक्षा बलका सदस्यहरुसँगको भिडन्तमा परी चार जना माओवादी विद्रोहीको ज्यान गएको बताउनुभएको छ । उहाँले त्यस क्रममा सफल रुपमा माओवादी विरुद्धमा कारबाही गर्न सकेको र सुरक्षाकर्मीतर्फ कुनै क्षति नभएको भन्दै सुरक्षा अधिकारी तथा सुरक्षा गस्तीमा रहेका सुरक्षाकर्मीहरुलाई बधाई पनि दिए ।

# आणविक केन्द्रमा ठूलै आगलागी भएको इरानको स्वीकारोक्ती



**तेहरान, रासस-** एएफपी-इरानको आणविक केन्द्रको एक भवनमा आगलागीको घटना भएको इरानले पुष्टि गरेको छ । इरानी आणविक ऊर्जा केन्द्रका प्रवक्ताले उक्त दुर्घटना निकै अर्थपूर्ण भएको जनाउँदै यसबाट युरेनियम प्रशोधनमा प्रयोग हुने उपकरणको उत्पादनमा केही ढिलाई हुन सक्ने बताए । मध्य इरानको नतान्जस्थित आणविक प्रशोधन केन्द्रको एक घरमा बिहीबार आगलागी भएको थियो । उक्त घटना निकै भयानक रहे पनि कोही पनि व्यक्ति घाइते भएको वा रेडियोधर्मी विकिरण नचुहिएको प्रवक्ताले बताएका छन् । सुरक्षा अधिकारीहरुले उक्त घटनालाई दुर्घटनाका रुपमा व्याख्या गरेका छन् । तर उक्त घटना हुनुको मुख्य कारण बारे केही बताइएको छैन ।

इरानी समाचार संस्था इर्नामा प्रकाशित एक अन्तर्वार्तामा इरानी आणविक ऊर्जा संस्थाका प्रवक्ता बेहरोज कमालवन्दीले उक्त दुर्घटनाका कारण कोही व्यक्ति पीडित नभएका तर आर्थिक रुपमा निकै ठूलो क्षति भएको बताए ।

उनले यस दुर्घटनाका कारण उन्नत सेन्ट्रिफ्युजको विकास र उत्पादनमा केही ढिलाई हुने बताउनुभयो । नन्ताज इरानको मुख्य आणविक प्रशोधन केन्द्र रहेको स्थान हो । टेलिभिजन फुटेजमा भने आगलागीका कारण सामान्य क्षति भएको देखाएको छ । तर यसअघि सार्वजनिक गरिएका तस्वीरहरुमा भने भवनमा निकै ठूलो क्षति भएको देखिएको छ ।

तेहरानले गत वर्ष मे महिनामा आणविक ऊर्जा कार्यक्रमसँग जोडिएका केही कार्यक्रम पुनः शुरु गरिने घोषणा गरेको थियो । सन् २०१५ को एक सम्झौता बमोजिम इरानी आणविक कार्यक्रम स्थगित गरिए पनि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग भएको सम्झौता अस्वीकार गरेर इरानमाथि नाकाबन्दी गरेपछि इरानले आणविक कार्यक्रम पुनः शुरु गर्ने चेतावनी दिएको थियो ।इरानले गत वर्ष सेप्टेम्बरमा युरेनियम प्रशोधन पुनः शुरु गरेको थियो । तेहरानले यो कार्यक्रम ऊर्जासँग सम्बन्धित रहेको र यसलाई सैनिक प्रयोजनमा उपयोग नगरिने बताउँदै आएको छ ।

# कामदारमाथि गोली प्रहार, आठको मृत्यु

**मापुतो, एएफपी-** मोजाम्बिकको उत्तरी क्षेत्रस्थित एक निजी ग्यास परियोजनामा कार्यरत मजदूरमाथि बन्धुकधारीले गोली प्रहार गरी हत्या गरिदिएका छन् । कम्पनीका अनुसार बाटो ढुकेर बसेका बन्धुकधारीले गोली चलाउँदा कम्पनीमा कार्यरत आठ मजदूरको ज्यान गएको छ ।

उत्तरी मोजाम्बिकमा सन् २०१७ देखि जिहादी विद्रोह जारी छ । यस विद्रोहका कारण उक्त क्षेत्रमा एक हजारभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ । विद्रोहका कारण तेल उत्खननका कार्यमा पनि असर परेको छ । तर प्राकृतिक ग्यास (एनएलजी) का परियोजनामा कार्यरत मजदूरमाथिको आक्रमण भने तुलनात्मक रुपमा कम हुने गरेको अधिकारीहरुले बताएका छन् ।

फ्रान्सेली तेल उत्पादक टोटलले नियुक्त गरेको फेनिक्स कन्ट्रक्सन सर्भिसले गत महिना आफ्नो कम्पनीमा कार्यरत मजदूरहरु चढेको सवारी साधनमाथि मोजाम्बिकको सेनाको पोशाकमा आएका पाँच जना बन्धुकधारीले गोली चलाउँदा केही मजदूर घाइते भएका र तीन जना अझै बेपत्ता रहेको बताएको छ ।

संयुक्त राष्ट्र संघले गत मे महिनामा सार्वजनिक गरेको अनुमान अनुसार विद्रोही समूहको आक्रमणबाट बिस्थापित हुनेको संख्या दुई लाख १० हजार पुगिसकेको छ । तर पछिल्लो समयमा निरन्तर जारी आक्रमणका कारण बिस्थापितको संख्या दुई लाख ५० हजार नाघेको स्थानीय सहायता निकायहरुले बताएका छन् ।

मोजाम्बिकको उत्तरी क्षेत्रमा आक्रमणहरु भइरहे पनि टोटलले २३ अर्ब डलरको ग्यास परियोजनालाई निरन्तरता दिने बताएको छ ।

# वार्ताका लागि तालिबान तयार रहेको विशेष दूतको भनाइ




**काबुल, एएनआई-** अफगानिस्तानमा हिंसा मच्चाइरहेका तालिबानीहरु शान्ति वार्ताको लागि तयार रहेका अफगानिस्तानका लागि अमेरिकी विषेश दूतले जानकारी दिभएको समाचरमा जनाइएको छ । अफगानिस्तानका लागि अमेरिकी विशेष दूत जल्मी खलिलजादले आइतबार सो कुराको जानकारी दिएको सो समाचारमा उल्लेख गरिएको हो । उहाँले अफगानिस्तानका तालिबानीहरु त्यहाँ शान्ति ल्याउने कामका लागि आवश्यक परे समन्वय गर्ने काममा तयार देखिएको रहेको पनि बताए । अफगानिस्तानमा शान्ति स्थापना हुन सके आर्थिक विकास हुने भन्दै उनले ट्वीट गरेर अफगानिस्तानमा शान्ति ल्याउने कामका लागि यहाँका जनता र तालिबानीहरु तयार रहेका आफूले पाएको बताउनुभएको हो । उहाँले यहाँ शान्तिका लागि अफगानिस्तानका नागरिक, यहाँको सरकार र तालिबानीहरु स्वयं तयार नभएसम्म हुदैन भन्दै तर त्यसकालागि उनीहरु तयार रहेको पाइएको बताए ।

अमेरिकाले अफगानिस्तानका तालिबानहरुसँग शान्तिवार्ता गर्ने पहल गरेको छ । केही महिनाअघि अमेरिकाले तालिबान र अफगानिस्तनको सरकारका प्रतिनिधिसँग पनि वार्ता गरेको थियो । कतारको दोहामा सो वार्ता भएको थियो । त्यस वार्ताका क्रममा तालिबानहरुले पनि आफूहरु शान्ति वार्ता गर्न तयार भएको बताएका थिए ।

आगामी दिनमा पनि तालिबानसँग शान्ति वार्ता गर्न भएपछि उनीहरुले राखेका शर्त बमोजिम नै अमेरिकाले अफगानिस्तानबाट अमेरिकी सैनिक घटाउने काम गरिरहेको बताइएको छ ।

# बार्सिलोना विजयी



**काठमाडौं, एजेन्सी–** स्पेनीस ला लिगा फुटबलमा शिर्ष टोलीहरु रियाल मड्रिड र बार्सिलोना विजयी भएका छन् । तालिकाको शिर्ष स्थानमा रहेको रियाल मड्रिडलाई पछ्याईरहेको बार्सिलोनाले भियारियालमाथि ४-१ को फराकिलो जित निकाल्यो । जितसँगै बार्साले शिर्ष स्थानको रियालसँगको दुरी फेरी ४ अंकमा झारेको छ । भियारियालको मैदानमा भएको खेलमा बार्सिलोनाका लागि लुइस सुवारेज, एन्टोइन ग्रिजमन र अंन्सु फाटीले एक एक गोल गरे ।

खेलको तेस्रो मिनेटमा भियारियालका टोरेसले आत्मघाती गोल गरेपछि बार्सिलोनालाई अग्रता लिएको थियो । यो जितपछि बार्सिलोनाले ३४ खेलमा ७३ अंक बनाएको छ । रियालको समान खेलबाट ७७ अंक छ । गएरातिको खेलमा रियाल म्याड्रिडले एथ्लेटिक बिल्वाओलाई १-० ले पराजित गऱ्यो । रियालका लागि सर्जियो रामोसले पेनाल्टीमार्फत निर्णायक गोल गरे । कोरोना महामारीपछि सुचारु भएको ला लिगामा रियलको यो लगातार सातौ जित हो । ला लिगामा चार चरणको खेल बाँकी रहँदा रियालले तीन खेलमा जित हात पारे उपाधि जित्नेछ ।

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७



# रातो मच्छिन्द्रनाथको पुनर्निर्माण शुरू

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ असार



ललितपुरको बुङमतीस्थित रातो मच्छिन्द्रनाथ मन्दिरको पुनर्निर्माण उपभोक्ता समितिमार्फत् सुरु भएको छ। असार २० गते क्षमा पूजा गरी सोमबारबाट काम सुरु गरिएको उपभोक्ता समितिका अध्यक्ष अमीर शाक्यले जानकारी दिए । उनका अनुसार सोमबार मन्दिर परिसरमा छरिएका निर्माण सामग्री मिलाउने र ढुंगाका खम्बाहरु एकत्रित गर्ने कार्य गरिएको छ । उपभोक्ता समितिले सिकर्मी एवं अन्य निर्माणकर्मीहरुसँग छलफल पनि गरेको छ । मन्दिर पुनर्निर्माणका लागि असार १५ गते ललितपुर महानगरपालिकाले सिफारिस गरेको शाक्य नेतृत्वको उपभोक्ता समितिसँग पुरातत्व विभागले सम्झौता गरी पेश्की रकम उपलब्ध गराइएको पुरातत्व विभागका सिडिई सम्पत घिमिरेले जानकारी दिए। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको नेतृत्वमा पुरातत्व विभागले मन्दिर पुनर्निर्माणको प्राविधिक रेखदेख गर्नेछ। उपभोक्ता समिति र पुरातत्व विभागबीच भएको सम्झौताअनुसार समितिले एक वर्ष (२०७८ असार १५ गते) भित्र ३ करोड ८ लाख रुपैयाँमा मन्दिरको पुनर्निर्माण गर्नेछ । सम्झौतापछि उपभोक्ता समितिले ४० लाख रुपैयाँ पेश्की लगेको छ । यसअघि श्रीलंका सरकारको आर्थिक सहयोगमा निर्माण व्यवसायीमार्फत् रातो मच्छिन्द्रनाथको मन्दिर पुनर्निर्माण अघि बढाइएको थियो। पूर्वयोजना अनुसार मन्दिर पुनर्निर्माण अघि नबढेपछि जनप्रतिनिधि एवं स्थानीयको सुझावअनुसार ठेक्का तोडी उपभोक्ता समितिमार्फत् गर्न लागिएको हो । मन्दिर पुनर्निर्माणको अनुगमनका लागि प्राधिकरणका कार्यकारी समिति सदस्यको नेतृत्वमा ललितपुर महानगरपलिका एवं सम्बन्धित वडाका प्रतिनिधि, पुरातत्व विभागका प्रतिनिधि, बुंगमती क्षेत्र पुनर्निर्माण तथा विकास समितिका प्रतिनिधि, परामर्शदाता र विज्ञ सम्मिलित एउटा समिति पनि गठन गरिएको छ । पुस १४ गते सिंहदरबारस्थित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यालयमा बसेको जनप्रतिनिधिहरुसहितको बैठकले मन्दिरको बाँकी कामको पुनर्निर्माण उपभोक्ता समितिमार्फत् गराउने निर्णय गरेको थियो । उपभोक्ता समितिमार्फत् सम्पदा पुनर्निर्माण गर्दा सकरात्मक परिणाम आएका छन् । रानीपोखरीको पिंध र पानी रहने वरिपरिको पर्खालको पुनर्निर्माण सकेर त्यहाँको उपभोक्ता समितिले गत साता प्राधिकरणलाई हस्तान्तरण गरेको थियो ।

## मौद्रिक नीतिमा व्यवस्थापन संघको सुझाव
# निजी क्षेत्रको समस्या सुनुवाइ हुनुपर्छ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ असार

नेपाल व्यवस्थापन सङ्घले कोरोनाका कारण अर्थतन्त्रमा परेको समस्या समाधान गर्ने गरी आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउन नेपाल राष्ट्र बैंकलाई आग्रह गरेको छ। बैंकले जारी गर्ने मौद्रिक नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यमा सहयोग पुर्‍याउने उद्देश्यले अनलाइनमार्फत आयोजित मौद्रिक नीति छलफल कार्यक्रमको प्रतिवेदन सोमबार गभर्नर महाप्रसाद अधिकारीलाई हस्तान्तरण गर्दै उक्त सुझाव दिएको हो ।

संघले मौद्रिक नीतिमा समावेश गर्नुपर्ने विषयका सन्दर्भमा यही असार ५ गते विद्युतीय माध्यमबाट छलफल गरेको थियो । संघले निजी क्षेत्रका प्रमुख तथा प्रतिनिधि, प्रशासक, वित्तविज्ञ र सरोकारवालासँगको छलफलबाट प्राप्त भएको सुझाव सहितको प्रतिवेदन सोमबार बुझाएको हो ।

नेपाल राष्ट्रबैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाको कार्यपत्रमा आधारित विषयगत छलफल र यसमा नीजि क्षेत्र र विज्ञका सुझावलाइ समेटर तयार पारिएको परिस्कृत प्रतिवेदन गभर्नर अधिकारीलाई हस्तान्तरण गरिएको संघका सभापति तथा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले जानकारी दिए ।

श्रेष्ठका अनुसार प्रतिवेदनमा वर्तमान अवस्थामा नीजि क्षेत्रसंगै बैंक तथा वित्तीय संस्थाले भोगिरहेका समस्या र त्यसको उपयुक्त समाधानका लागि सहजीकरण गर्ने गरी आगामी २०७७/०७८ को मौद्रिक नीति केन्द्रित हुनुपर्ने विषयवस्तु समेटिएको बताए । यस्तै अत्यावश्यक विषय, आवश्यकता, कार्यान्वयन पक्ष र चुनौतीलाई समेत प्रतिवेदनमा समावेश गरिएको श्रेष्ठले बताए । प्रतिवेदन ग्रहण गर्दै गभर्नर अधिकारीले व्यवस्थापन संघ जस्तो व्यवस्थापकको छाता संगठनले उपलब्ध गराएका सुझावलाई आगामी मौद्रिक नीतिमा समेट्ने प्रतिवद्धता व्यक्त गरे । हरेक वर्ष संघले मौद्रिक नीतिमा विज्ञसँग छलफल चलाइ नेपाल राष्ट्र बैंकलाइ सुझाव दिँदै आएको छ ।

# नेप्से दोहोरो अङ्कले बढ्दा ९२ करोडको कारोबार



**काठमाण्डौ/मस-** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार दोहोरो अङ्कले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से परिसूचक सोमबार ३३.२७ बिन्दुले बढेर एक हजार २ ९८.७३ मा पुगेको छ । सेन्सेटिभ परिसूचक ६.३० ले वृद्धि भई २७५.८८ मा पुगेको छ ।

स्टकका अनुसार कूल १७६ कम्पनीको २७ लाख ३१ हजार ४९८ कित्ता शेयर रु ९२ करोड ७८ लाख ४१ हजार ३२९ मा कारोबार भएको छ। कारोबार भएका कूल १२ उपसमूह मध्ये सोमबार सामूहिक लगानी कोषको मात्रै अवस्था नकारात्मक छ । सामूहिक लगानी कोष ०.०६ ले घट्दा बैंकिङ २१.२ ९, व्यापार १४.४७, होटल ७४.६७, विकास बैंक १४.१५, जलविद्युत् १२.४७, वित्त २.५१, निर्जीवन बीमा २७४.४, उत्पादन ४५.२३, अन्य २९.६२, लघुवित्त ८४.११, जीवन बीमा २६६.४३ बिन्दुले बढेको छ।

स्टकका अनुसार सोमबार कारोबारका आधारमा नेपाल पुर्नबीमा कम्पनी शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको रु १४ करोड ५३ लाख ३१ हजार ३८० बराबरको कारोबार भएको छ । यस्तै नेपाल लाइफ इन्स्योरेन्स रु सात करोड ८० लाख ९१ हजार ७९३, प्रभु बैंकको संस्थापक शेयर रु चार करोड ८४ लाख ४४ हजार, हिमालयन डिस्टिलरी रु तीन करोड नौ लाख ९४ हजार ७५७, एनएमबी बैंक रु दुई करोड ६० लाख २४ हजार ३४, शिवम् सिमेन्ट रु दुई करोड ४९ लाख ५३ हजार १९४ र नबिल बैंक रु दुई करोड ४० लाख ७० हजार २८४ मा कारोबार भई शीर्ष स्थानमा रहेको छ।

स्टकका अनुसार ग्लोबल आइएमइ लघुवित्त वित्तीय संस्था र नेपाल पुर्नबीमा कम्पनीका शेयरधनीले १०/१० प्रतिशतले कमाएका छन् । सूर्योदय लघुवित्त वित्तीय संस्था ९.९५, गरिमा विकास बैंक ९.८४, यूनाइटेड इन्स्योरेन्स ९.७०, स्वदेशी लघुवित्त वित्तीय संस्था ९.७०, सिद्धार्थ इन्स्योरेन्स ९.४५, आशा लघुवित्त वित्तीय संस्था ९.२८ र तारागाँउ रिजेन्सी होटलका लगानीकर्ताले ९.१४ प्रतिशतले कमाएका छन् ।

त्यस्तै, राधी विद्युत् कम्पनी ९.८९, बोटलर्स नेपाल तराई ५.८६, देव: विकास बैंक ५.१६, जोशी हहाइड्रोपावर ३.९२, बिशाल बजार कम्पनी ३.९१, खानीखोला हाइड्रोपावर ३.७०, स्वाभिमान लघुवित्त वित्तीय संस्था ३.४४ र हिमालयन ऊर्जा विकास कम्पनीका लगानीकर्ताले ३.३३ प्रतिशतले गुमाएका छन् ।

# बन्दाबन्दीले होटल क्षेत्रको तीन अर्ब लगानी जोखिममा

**काठमाण्डौ/मस**-कोभिड-१९ को जोखिम न्यूनीकरणका लागि गरिएको बन्दाबन्दीले तनहुँ जिल्लामा सञ्चालित होटलहरुको रु तीन अर्ब लगानी जोखिममा परेको छ । कोभिड-१९ बाट तनहुँ पनि प्रभावित भएको र यसले होटल व्यवसायमा गरिएको रु तीन अर्ब लगानी जोखिममा परेको व्यवसायीहरुले बताएका छन्। आर्थिक स्रोतको रुपमा रहेका व्यवसाय बन्द हुँदा जिल्लाभित्र सञ्चालित एक हजारभन्दा बढी होटल व्यवसायीको लगानी धार ासायी बन्न पुगेको होटल व्यवसायी सङ्घका अध्यक्ष दुर्गाविलास भट्टराईले बताए । उनका अनुसार होटल व्यवसायमा संलग्न आठ हजार कर्मचारीको रोजगारी गुम्ने र यसमा आश्रित २५ हजार जनाको चुल्हो निभ्ने अवस्था सिर्जना भएको छ । " वर्तमान सङ्कटको सबैभन्दा बढी प्रभावित बनेको होटल व्यवसायीलाई बचाइ राख्नका लागि सरकारले राहत प्याकेज उपलब्ध गराउनुपर्छ", उनले भने।

सङ्घले विभिन्न मागसहित प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । होटल व्यवसायीहरु सबैभन्दा बढी घरभाडाको मारमा परेकाले बन्दाबन्दी अवधिभरको घरभाडा पूर्ण रुपमा छुट र सङ्क्रमणकाल रहुञ्जेलसम्मका लागि ५० प्रतिशत छुटको व्यवस्था गर्न गर्नुपर्ने व्यवसायीको माग छ । उक्त छुटको लागि घरधनीहरुलाई समेत राहत पुग्ने गरी घरधनीहरुको बैङ्कको कर्जा भुक्तानी समयावधि थप गर्नुका साथै उनीहरुले तिर्ने घरबहाल कर र बैङ्कको ब्याज छुट तथा अन्य कर छुट गर्न स्थानीय तहसँगको समन्वयनमा विशेष राहत कोषमार्फत सम्बोधन गर्नुपर्ने माग गरिएको छ ।

बन्दाबन्दी खुल्नासाथ पहिलेको अवस्थामा चल्न नसक्ने भएकाले बिजुली, पानीको महशुल कम्तिमा एक वर्षको लागि छुट गर्ने व्यवस्था मिलाउन, होटल व्यवसायीलाई राहत स्वरुप एक वर्षको व्यवसाय कर तथा अन्य सबै प्रकारका राजश्व छुटको व्यवस्था मिलाउन, बैङ्क तथा सहकारी संस्थाहरुबाट लिएको ऋणको समयावधि कम्तिमा दुई वर्ष थप गर्ने तथा व्यवसायीहरुको ब्याज, किस्ता, व्यवसाय चलेको ६ महिनापछि मात्र शुरु गर्ने व्यवस्था मिलाउन सरकारसँग माग गरिएको छ ।

# पर्यटनमन्त्रीसँग अष्ट्रेलियन राजदूतको भेट

**काठमाण्डौ/मस-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराई र नेपालका लागि अष्ट्रेलियाका राजदूत पिटर वडबीच भेटवार्ता भएको छ ।

सिंहदरबारस्थित मन्त्रालयमा सोमबार भएको भेटमा मन्त्री भट्टराईले दुई देशबीचको व्यावसायिक हवाई सञ्चालनका लागि राजदूतसँग आग्रह गरेका थिऐ । मन्त्री भट्टराई र राजदूत वडबीच विश्वमहामारीको रुप लिइरहेको कोभिड-१० ले पारेको असर र महामारी न्यूनीकरणका लागि गरिएका कामको अनुभव आदानप्रदान पनि भएको पर्यटनमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश
नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु
ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी
नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।
कसरी आफू बच्ने र अरुलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
मध्यान्ह Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

# कोलकातास्थित नवनियुक्त महावाणिज्यदूतसँग चेम्बरका अध्यक्ष तथा पदाधिकारीको भेट



**काठमाडौं/ मस**-हालै नेपाल सरकारबाट नियुक्त भएका कोलकाता स्थित महावाणिज्यदूतावासका महावाणिज्यदूत इश्वर राज पौडेललाई नेपाल चेम्बर अफ कमर्सका प्रतिनिधिहरुले भेट गरेका छ । कान्तिपथस्थित कार्यालयमा स्वागत गर्दै कार्यकालको शुभकामना नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेश काजी श्रेष्ठले दिए । सो अवसरमा वोल्दै महावाणिज्यदूत पौडेलले नेपालको समग्र हितमा आफ्नो कार्य केन्द्रीत हुने वताए। साथै नेपाल चेम्बर लगायत फ्रेट फर्वाडर्स एशोसियसन,चेम्बरका कोलकाता स्थित समकक्षी संस्था ईन्डियन चेम्बर अफ कमर्स उच्च स्तरीय निकाय संगको समेत सहकार्यमा व्यापार सहजीकरण गर्न आफु दृढ समर्पित रहि कार्य गर्ने विश्वास दिलाए। सो अवसरमा नेपाल चेम्बरका अध्यक्ष श्रेष्ठले सिपि लाइनले कन्टेनर मा लिने डिटेन्सन शुल्कमा एकरुपता नभएको हुंदा सो हटाउने तर्फ पहल गर्नु पर्ने अनुरोध गर्दै नेपालको लागि एथेस्ट रेल्वे मुभमेन्ट कार्गोको व्यवस्था हुनु पर्ने वताए । सो अवसरमा अध्यक्ष श्रेष्ठले पारवहन लागत घटाउन तंहावाट हुन सक्ने प्रयास जारी राख्न पहल हुनु पर्ने, कोलकाता भन्सारसंग सुमधुर संम्बन्ध राखि नेपाली कार्गो लाई सहजीकरण गर्ने , कोलकाता पोर्टसंग समन्वय गरी पोर्टमा लाग्ने अनावश्यक झमेला एंव डमरेज मिन्हा गरी व्यवशाय गर्न सहज गर्ने तर्फ आवश्यक पहल गरि दिन विशेष अनुरोध गरे।

पदीय दायित्व पूरा नगर्नु भएको समाज र राष्ट्रको लागि धोखा हो ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ